यशोधरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बैदौली, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :-२०७९/८०
चलानी नम्बर :-

**विषय : बोलपत्र आह्वानको सूचना ।**

**प्रथम पटक प्रकाशित मिति : २०७९।८।०९**

यस गाउँपालिका अन्तरगत संचालनमा डिजिटल सेवा केन्द्र व्यवस्थापनका लागि कम्प्युटर, प्रिन्टर सहित विभिन्न इलेक्ट्रानिक उपकरण खरिद गर्नु पर्ने भएकोले इच्छुक, फर्म, संस्था तथा कम्पनीहरुबाट तपशिल बमोजिमका शर्तहरुको अधिनमा रहि के कति दरमा उपलब्ध गराउन सकिन्छ, यो सूचना प्रकाशित भएको मितिले ३० तीस दिन भित्र रितपूर्वकको बोलपत्र यस कार्यालयबाट खरिद गरी ३१ औं दिनको १२:०० बजे भित्र यस गाउँपालिकाको कार्यालयमा पेश गर्न हुन यो सूचना आह्वान गरिन्छ । साथै अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध छ ।

**तपशिल :**

| क्र.स. | सूचना नं. | कामको विवरण | बोलपत्र जमानत वापत रकम | बोलपत्र दस्तुर | बोलपत्र खरिद गर्ने म्याद |
|---|---|---|---|---|---|
| १ | 02/Goods/YRM I079/80 | डिजिटल सेवा केन्द्र व्यवस्थापनका लागि कम्प्युटर, प्रिन्टर सहित इलेक्ट्रानिक उपकरणहरु | ८९९०७।- | ३०००।- | ३० दिने |

(तेज बहादुर सिंह)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

**शर्तहरु :**

१. बोलपत्र खरिद गर्न ईच्छुक व्यवसायीहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिन मिति २०७९।०९।०९ गते सम्म कार्यालय समयभित्र चालु आ.ब. को लागि नविकरण भएको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र वा मू.अ.कर दर्ता प्रमाणपत्र, आ.ब. ०७८।०७९ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि यस कार्यालयमा बोलपत्र खरिद तथा दाखिला गर्न अधिकार प्रत्यायोजन गरिएको सक्कलै पत्र निवेदन साथ पेश गरी नियमानुसार लाग्ने रु. ३०००।- अक्षरेपी तीन हजार राजश्व दस्तुर फिर्ता नहुने गरी बुझाइ यस यशोधरा गाउँपालिकाको कार्यालय, बैदौलीबाट खरिद गर्न सकिने छ । वा यस यशोधरा गाउँपालिकाको नाममा रहेको सिद्यार्थ बैंक लि. यशोधरा शाखाको खाता नं. ०२७१५२२९६६१ मा जम्मा गर्न सकिने छ ।

२. बोलपत्र दाताले एक बर्षको आफ्नो फर्म/कम्पनीको वित्तिय प्रतिवेदन अनिवार्य पेश गर्नु पर्ने छ ।

३. खरिद गरिएका बोलपत्र फारम र स्थायी लेखा नं. दर्ता प्रमाणपत्र, बोलपत्र प्रथम पटक सुचना प्रकाशित भएको मितिले ३१ औं दिन मिति २०७९।०९।१२ गते दिनको १२:०० बजे भित्र यस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको नाममा सम्बोधन गरी फारम पेश, गर्नेको नाम, ठेगाना र फोन नं. उल्लेख गरी सहि छाप गरी शिलवन्दी लाह छाप लगाइ खामको बाहिर कामको विवरण, ठेक्का नं. समेत उल्लेख गरी यस गाउँपालिका कार्यालयमा बोलपत्र पेश गर्दा तोकिएको समय भित्र दर्ता गराइ सक्नु पर्ने छ । यो बोलपत्र दर्ता गर्ने अन्तिम दिन दिउसो २:०० बजे भित्र कार्यालयका प्रतिनिधि र बोलपत्र दर्ता वा निजको प्रतिनिधि रोहबरमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थिति नभए पनि बोलपत्र खोल्ने बाधा पर्ने छैन ।

४. बोलपत्र साथ जमानत वापत माथी उल्लेखित बमोजिमको जमानत रकम यशोधरा गाउँपालिका कार्यालयको नाममा सिद्‌यार्थ बैंक यशोधरा शाखामा रहेको धरौटी खाता नं. ०२७१५०८३९३५ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस गाउँपालिका कार्यालयको नाममा मन्यता प्राप्त बाणिज्य बैकबाट जारी गरिएको बोलपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरी ९० दिन अवधि रहेको सक्कल बैंक जमानत पत्र संलग्न गरी पेश गर्नु पर्ने छ । यसरी पेश गर्ने जमानत वापतको भौचर रसिद वा बैंक जमानतपत्र यो प्रकाशित सूचनाको म्याद समाप्त भए पछि कुनै पेश भएमा कुनै मान्यता दिइनेछ ।

५. दरभाउ पत्रमा कवोल गरेको दररेट अंक र अक्षर दुबैमा लेख्नु पर्नेछ । अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाइ मान्यता दिने छ । केरमेट भएको ठाउँमा सहि छाप गरेको हुनु पर्नेछ ।

६. म्याद पछि आएको वा रित नपुगेको वा कुनै पनि शर्त राखी गरेको दरभाउ पत्र उपर कुनै कार्यावाही हुने छैन ।

७. बोलपत्र सम्बन्धित सम्पूर्ण कुराहरु यसमा लेखिएको बमोजिम र यस उल्लेख नभएका हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमवाली २०६४ तथा नेपाल सरकारको प्रचलित कानुन अनुसार हुने छ ।

८. बोलपत्र खरिद गर्न तथा पेश गर्न अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु क्रमश : कार्यालय खुलेको अर्को दिन हुने छ ।

९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१०. अन्य कुरा बुझ्नु परेमा यस गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत